# कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १३८

**प्रस्ताव नं. (१)**

कानेपोखरी गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७८ स्वीकृत गर्ने।

**प्रस्ताव नं. (२)**

कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ स्वीकृत गर्ने।

**प्रस्ताव नं. (३)**

गाउँपालिकास्तरीय सहजीकरण समिति गठन गर्ने।

**प्रस्ताव नं. (४)**

नवप्रवर्तन साझेदारी कोषमा योजना माग गर्ने।

**प्रस्ताव नं. (५)**

कानेपोखरी अस्पतालको सेवा विस्तार गर्ने।

**प्रस्ताव नं. (६)**

मर्मतसम्भारका आयोजनामा बजेट विनियोजन गर्ने।

कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बयरबन मोरङ १ नं प्रदेश,नेपाल

निर्णय प्रमाणित
२०७८।१०।२३
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्ष ज्यूबाट नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७८ को मस्यौदा तयार भई आएकोमा उक्त नियमावलीमा दफावार छलफल गरी पेश भए बमोजिमनै स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(पारित कार्यविभाजन नियमावली यसैसाथ संलग्न छ)

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्ष ज्यूबाट नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को मस्यौदा तयार भई आएकोमा उक्त नियमावलीमा दफावार छलफल गरी पेश भए बमोजिमनै स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(पारित कार्यसम्पादन नियमावली यसैसाथ संलग्न छ)

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिम गाउँपालिकास्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिमा देहायमा उल्लिखित कानेपोखरी गाउँ कार्यपालिकाका सदस्यहरुलाई तोक्दै कार्यविधिमा व्यवस्था भए बमोजिम गाउँपालिकास्तरीय सहजीकरण समिति (पदेन) गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः



Scanned with CamScanner

क. प्रमिला परियार, र

ख. पदम कुमारी कार्की।

यसका साथै सबै वडाको वडास्तरीय सहजीकरण समिति गठन गर्ने सबै वडालाई निर्देशन दिन कानेपोखरी गाउँपालिकाको "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको सेवा केन्द्र" को सेवा केन्द्र प्रमुखको रुपमा कामकाज गर्न कार्यालयका अधिकृत छैठौं श्री गोविन्द प्रसाद फुयललाई तोक्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम प्रदेश सरकारबाट आव्हान भएको सूचनामा यस गाउँपालिकाबाट सामुदायिक विद्यालय (माविस्तर) र रमाइलो बहुमुखी क्याम्पसमा सूचना प्रविधिको प्रयोगबाट नवप्रवर्तन हुनेगरी पठनपाठन गराउन सहज हुने किसिमको आयोजना माग गर्नका लागि शिक्षा तथा सामाजिक विकास शाखाबाट पेश भएको आयोजना माग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको आधारभूत अस्पतालमा विगतदेखीनै एकजना चिकित्सक करार सेवामा व्यवस्था गरी सञ्चालनमा ल्याइएकोमा २४ सै घण्टा अस्पतालको सेवा सुचारु गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य चौकीको लागि स्वीकृत गरेको संगठन संरचनामा भएका स्वास्थ्यकर्मीभन्दा बाहेकका स्वास्थ्यकर्मीलाई पहिलो प्राथमिकतामा परिचालन गर्ने गरी कानेपोखरी गाउँपालिकाको आधारभूत अस्पतालबाट २४ सै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र यसरी खटिने स्वास्थ्यकर्मीलाई अस्पतालमा काम गर्ने स्वास्थ्यकर्मीले पाए सरहको सेवा सुविधा उपलब्ध गराउने व्यवस्था समेत मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा सम्बन्धित वडाबाट सिफारिस भई आएका देहायमा उल्लिखित तत्काल मर्मतसम्भार गर्नुपर्ने आयोजनाहरु सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्ने गरी सञ्चालनको प्रकृया अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>देहायः</u>

| सि.नं. | तत्काल मर्मतसम्भार गर्नुपर्ने आयोजनाको नाम | विनियोजित बजेट | खर्च व्योहोर्ने स्रोत |
|---|---|---|---|
| १. | खोरिया टोलको मेघनाथ लिम्बुको घर दक्षिणको सडक मर्मतसम्भार, कानेपोखरी ४ | १,००,०००।०० | मर्मतसम्भार कोष |
| २. | मिलनचोकदेखी विहीबारे बजार जोड्ने सडक मर्मतसम्भार, कानेपोखरी ६ | २,००,०००।०० | मर्मतसम्भार कोष |
| ३. | बाघेझोडा सिँचाई पैनी (ड्रिन) मर्मत, कानेपोखरी ५ | २,५०,०००।०० | सिँचाई, बाँध, पैनी मर्मत सम्भार योजना शीर्षक |
| ४. | चिसाङखोला सिँचाई बाँध मर्मत, कानेपोखरी ५,६ र ७ | २,००,०००।०० | "" |



Scanned with CamScanner

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १३८

| | | | |
|---|---|---|---|
| ५. | भलुवा सिँचाई पैनी मर्मत, कानेपोखरी ३ र ४ | २,२५,०००।०० | "" |
| ६. | सीता छुधारे सिँचाई पैनीको पानी निकास गर्न मर्मत, कानेपोखरी ६ | १,००,०००।०० | "" |
| ७. | कालीकोशी खोलामा तारजाली सहित तटबन्ध मर्मत, कानेपोखरी २ (कमलप्रसाद न्यौपानेको घर नजिक) | १,५०,०००।०० | "" |
| ८. | उत्तम माछापालन पोखरी जाने सडकको भलुवा सिँचाई पैनीमा पंखा निर्माण सहित माटो पुर्ने, कानेपोखरी ४ | १,२५,०००।०० | "" |
| ९. | श्री मावि होक्लाबारीको अधुरो मञ्च निर्माण, कानेपोखरी १ | २,००,०००।०० | मर्मतसम्भार कोष |
| १०. | मोक्षेश्वर शिव मन्दिर रेलिङ/ढोका निर्माण, कानेपोखरी ६ | १,००,०००।०० | मर्मतसम्भार कोष |
| ११. | शिव मन्दिर मर्मतसम्भार, कानेपोखरी | १,३५,०००।०० | मर्मतसम्भार कोष |
| १२. | मरिया टोल राजभण्डारी मन्दिर मर्मत, कानेपोखरी २ | १,५०,०००।०० | २ नं. वडाको लागि विनियोजित मर्मतसम्भार शीर्षक |
| १३. | खवई चौधरीको घर पश्चिम गेउरिया खोला कजवे निर्माण आयोजनामा साझेदारी, कानेपोखरी ३ | ३,५०,०००।०० | समपूरक कोषबाट साझेदारी गर्ने। |
| १४. | नव प्रगतीशिल समाज सेवा क्लबको भवन मर्मत, कानेपोखरी ५ | ५,००,०००।०० | पुर्वाधारका विभिन्न निर्माण सुधार शीर्षक |
| १५. | सिद्बबाबा मन्दिर मर्मत, कानेपोखरी ६ | १,००,०००।०० | मर्मतसम्भार कोष |
| १६. | धिमालथानदेखी जिरी धिमालको घर जाने सडक मर्मत, कानेपोखरी २ | २,००,०००।०० | मर्मतसम्भार कोष |

आजको बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो।

निर्णय प्रमाणित
२०७८।१०।२३
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७८।१०।२३ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

Scanned with CamScanner